# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-८ सङ्ख्या-२ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८१/०३/१०

## भाग-१

### सुनकोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## विनियोजन ऐन, २०८१

सुनकोशी गाउँपालिका, ओखलढुङ्गाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सुनकोशी गाउँपालिका ओखलढुङ्गा

**प्रस्तावनाः**

सुनकोशी गाउँपालिका, ओखलढुङ्गाको २०८१/८२ सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सुनकोशी गाउँपालिका, ओखलढुङ्गाको गाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"विनियोजन ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू.४६,९८,६३,०००/- (**अक्षेरुपी छयालिस करोड अन्ठानब्बे लाख त्रिसठ्ठी हजार मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिमसञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः**(१) यस ऐनद्वारासञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त सुनकोशी गाउँपालिका, ओखलढुङ्गाको गाउँ कार्यपातिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ ।

सुनकोशी गाउँपालिका, ओखलढुङ्गा

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ३१,५१,४५,६०० | १५,४७,१७,४०० | ० | ४६,९८,६३,०००/- |
| २ | | वडा समिति | ० | ० | ० | ० |
| ३ | | विषयगत शाखा | ० | ० | ० | ० |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | ० | ० | ० | ० |

सुनकोशी गाउँपालिका, ओखलढुङ्गा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | | लगानी (शेयर/ ऋण) | ० | ० | ० | ० |
| **कुल विनियोजित रकम** | | | ३१,५१,४५,६०० | १५,४७,१७,४०० | ० | ४६,९८,६३,०००/- |

**अक्षरुपी छयालिस करोड अन्ठानब्बे लाख त्रिसठी हजार मात्र।**

अनुसूची-२

(दफा २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ को उपधारा (१) बमोजिम**

**सञ्चित कोषमा जम्मा हुने रकमको स्रोत वा आयको अनुमान**

| क्र.सं. | आयको स्रोत | अनुमानित आय रकम |
|---|---|---|
| (१) | (२) | (३) |
| १. | राजस्व बाडफाँड- सङ्घीय सरकार | ७,७२,००,००० |
| २. | समानिकरण अनुदान- सङ्घीय सरकार | ८,२७,००,००० |
| ३. | सशर्त अनुदान- सङ्घीय सरकार | २३,०३,१३,००० |
| ४. | समपूरक अनुदान- सङ्घीय सरकार | ७५,००,००० |
| ५. | विशेष अनुदान- सङ्घीय सरकार | १,३५,००,००० |
| ६. | राजस्व बाडफाँड- प्रदेश सरकार | ३४,५०,००० |
| ७. | समानीकरण अनुदान- प्रदेश सरकार | ४८,६९,००० |

| | | |
|---|---|---|
| ८. | सशर्त अनुदान प्रदेश सरकार | १,३५,८३,००० |
| ९. | समपूरक अनुदान- प्रदेश सरकार | १,००,००,००० |
| १०. | राजस्व बाडफाँड- स्थानीय सरकार | ५,००,००० |
| ११. | आन्तरिक स्रोत- स्थानीय सरकार | २,६२,४८,००० |
| | **जम्मा** | ४६,९८,६३,००० |

**अक्षरुपी छयालिस करोड अन्ठानब्बे लाख त्रिसठ्ठी हजार मात्र।**

प्रमाणिकरण मिति २०८१/०३/१०

आज्ञाले,
राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

सुनकोशी गाउँपालिका, ओखलढुंगा